# साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८०

स्वीकृत मिति-२०८०/११/१८

## प्रस्तावना

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, पूर्वाधार निर्माण, विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन, खानेपानी तथा सरसफाई, वन तथा वातावरण संरक्षण, संस्थागत विकास तथा सुशासन, सहकारी संस्थाहरुको सबलीकरण तथा स्थानीय उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वशुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम गाँउसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१) साझेदारीमा कार्यक्रम संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी ऐन, २०८०" रहेको छ ।

(२) यो ऐन किस्पाङ गाउँ सभाले पारित गरी स्थानिय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

(३) यो ऐन किस्पाङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले यस ऐनको दफा ३ बमोजिम गाउँपालिका सँग साझेदारीमा संचालन गरिने कार्यक्रम सम्झनुपर्छ ।

CamScanner

(ग) "लाभग्राही" भन्नाले यस ऐन बमोजिमको सेवा सुविधा उपभोग गर्ने व्यक्ति तथा समुदायलाई सम्झनु पर्छ ।

(घ) "प्रस्तावक" भन्नाले दफा ५ बमोजिम गाउँपालिका सँग साझेदारी मा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना पेश गर्ने वा आवेदन दिने व्यक्ति, कम्पनी, फर्म, राष्ट्रिय गैरसरकारी संस्था, सामुदायिक संस्था, सहकारी, अन्य संघ संस्थालाई सम्झनुपर्छ ।

(ङ) "स्थानीय सरकार" भन्नाले किस्पाङ गाउँपालिकालाई सम्झनु पर्छ ।

(च) "सम्झौता" भन्नाले कार्यक्रम कार्यान्वयन गर्न दफा ८ बमोजिम गाउँपालिकाले प्रस्तावकसँग गरेको साझेदारी सम्झौता सम्झनु पर्छ ।

(छ) "साझेदारी" भन्नाले साझेदारीको अवधारणा अनुरुप कुनै पनि कार्यक्रमको तर्जुमा, संचालन तथा व्यवस्थापनका साथै आँशिक वा पूर्ण रुपमा वित्तिय लगानी गर्ने गरी यस गाउँपालिका र साझेदार बीच भएको करारीय प्रवन्ध सम्झनु पर्छ ।

(ज) "साझेदार" भन्नाले यस गाउँपालिका सँग साझेदारी गरी दफा ३ बमोजिमको कार्यक्रम संचालन गर्नका लागि दफा ८ बमोजिम सम्झौता गर्ने प्रस्तावक सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत वनेको नियम, कार्यविधी वा निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ञ) "गाउँसभा" भन्नाले गाउँपालिकाको गाउँसभा सम्झनुपर्दछ ।

(ट) "कार्यपालिका" भन्नाले गाउँकार्यपालिका वा नगरकार्यपालिका सम्झनुपर्दछ ।

## परिच्छेद २

### कार्यक्रमको पहिचान तथा स्वीकृति

**३. साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिने:**

(क) यस गाउँपालिकासँग मिलेर अल्पकालिन तथा दिर्घकालिन समयावधिको लागि लागत तथा प्राविधिक साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

CamScanner

(ख) यस ऐन बमोजिम संचालन हुने कार्यक्रम गाउँबासी जीवनस्तरमा सुधार ल्याउने, रोजगारी सृजना गर्ने तथा गरिबी निवारण गर्न उन्मुख हुनुपर्ने छ ।

(ग) गाउँपालिकाले सञ्चालन गर्ने कार्यमा लागत न्यूनीकरण गरी भौतिक, आर्थिक तथा मानव स्रोत र साधनको अधिकतम उपयोग र प्रभावकारी परिचालन गर्ने ।

(घ) साझेदारीमा कार्यक्रम संचालन गर्नका लागि पहिचान भएका क्षेत्रहरुमा आवश्यक थप विषयगत प्राविधिक दक्षता भएका साझेदारसँग सहकार्य गर्ने ।

(ङ) बृहत पूर्वाधार र ठुला आयोजनाको लागि स्रोत सुनिश्चित गर्ने ।

(च) असल अभ्यास र अनुभवहरुको आदान प्रदान गर्ने ।

साझेदारीमा संचालन गरिने कार्यक्रमको विषयगत क्षेत्र यस गाउँपालिकाले कार्यविधी बनाएर तय गर्नेछ ।

४. साझेदारीमा संचालन गरिने कार्यक्रममा देहायका विशेषताहरु हुनुपर्ने छ ।

(क) साझेदारले कम्तीमा ३०(तीस) प्रतिशत लागत साझेदारी गरेको,

(ख) साझेदारलाई दिगो सामुदायिक विकास कार्यक्रम, पूर्वाधार विकास तथा मर्मत लगायतका कार्यहरु गर्ने गरी जिम्मेवारी दिईएको वा व्यवस्थापनका लागि सम्झौता भएको,

(ग) योजना तथा कार्यक्रमको कार्यान्वियन अवधि स्पष्ट भएको ।

५. कार्यक्रम पहिचान तथा कार्यान्वियनका लागि प्रस्ताव आहान प्रकृयाः

(१) गाउँपालिकाले यस ऐन बमोजिम गाउँसभाले स्वीकृत गरेका वा कार्यपालिकाले आवश्यकता महशुस गरेका एक वर्षीय वा दिर्घकालीन योजना तथा कार्यक्रमहरु, जसको कार्यन्वियनका लागि साझेदारको लागत तथा प्राविधिक सहयोग आवश्यकता पर्दछ, ती कार्यक्रमहरुको पहिचान गर्नेछ ।

(२) गाउँपालिकाले स्वीकृत साझेदारी कार्यक्रम कार्यान्वियनका लागि सार्वजनिक सूचना प्रकाशन गरी आशय पत्र आहान गर्नुपर्नेछ । आशय पत्रको सूचनामा देहायका विवरण खुलाउनुपर्नेछः

क) आशयपत्र पेश गर्ने कार्यालय वा निकाय,

ख) आशयपत्र पेश गर्ने अवधि,

ग) आशयपत्रमा खुलाउनु पर्ने विवरण,

घ) आशयपत्र साथ संलग्न गर्नु पर्ने कागजातहरु,

ङ) प्रस्तावकको प्राविधिक तथा आर्थिक क्षमता

च) तोकिए बमोजिमका अन्य विवरण ।

(३) संक्षिप्त सूची तयार पार्ने उप–दफा २ बमोजिम आशय पत्र प्राप्त भएपछि तोकिए बमोजिमको आधारमा मूल्यांकन गरी तोकिएका प्रक्रिया बमोजिम प्रस्तावकहरुको संक्षिप्त सूची तयार गर्नुपर्नेछ ।

(४) प्रस्ताव आह्वान गर्नेः सूचीमा परेका प्रस्तावकहरुसँग तोकिए बमोजिमका विषयहरु खुलाई सूचनामा उल्लेखित अवधीभित्र तोकिएको ढाँचामा प्रस्ताव आह्वानको लागि सुचना प्रकाशित गर्नेछ ।

(५) प्रस्ताव आह्वानको सूचनाको ढाँचा, आवेदन पत्र तथा प्रस्तावको ढाँचा तोकिए बमोजिम हुनेछ ।

(६) प्रस्ताव छनौटः पालिकाले तोकिए बमोजिमको मूल्यांकन समिति गठन गरी तोकिएका अवधिभित्र तोकिएको प्राविधिक तथा आर्थिक मूल्यांकनका आधारमा प्रस्ताव छनौट गर्नुपर्नेछ ।

६. कार्यक्रमको कार्यान्वयन तथा व्यवस्थापनः

(१) गाउँपालिकाले यस ऐन बमोजिम कार्यक्रमको व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नको लागि विभिन्न समिति, उप–समिति तथा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन गरिएका समिति, उप–समिति तथा कार्यदलका पदाधिकारी, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(३) अनुदान उपलब्ध गराउन सकिने: कार्यक्रम कार्यान्वयनको क्रममा गाउँपालिकाले आवश्यक नियम, कार्यविधि, निर्देशिका वा मापदण्ड बनाई अनुदान उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -३

## साझेदारी सम्झौता सम्बन्धी व्यवस्था

७. सम्झौता गर्ने: (१) गाउँपालिकाले दफा ५ को उपदफा (६) मा उल्लेख भएको मूल्यांकन समितिको सिफारिश बमोजिम प्रस्तावकसँग आवश्यकता अनुसार वार्ता गरी साझेदारी सम्झौता गर्नेछ ।(२) उपदफा (१) बमोजिम गरिएको सम्झौताको ढाँचा सम्झौता गर्ने पक्षहरुले कार्यान्वयन गर्न लागिएको कार्यक्रमको आवश्यकता अनुसार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## साझेदारी कार्यक्रमको वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी

८. वित्तिय व्यवस्थापन, प्रगति प्रतिवेदन तथा भुक्तानी (१) यस गाउँपालिकाको कार्यक्रममा टेवा पुर्याउने उद्धेश्यले साझेदारीमा आएका साझेदारहरुलाई कार्यक्रम संचालन गर्नका निम्ति तोकिए बमोजिम पेश्की उपलब्ध गराउन सकिनेछ । यसरी गाउँपालिकासँग साझेदारीमा आउने साझेदारलाई कार्यक्रम संचालन गर्नको लागि पेश्की प्रदान गर्दा साझेदारले गर्ने लागत तथा प्राविधिक वा दुवै सहभागिताको स्तर र साझेदारको संलग्नताको उद्धेश्य आर्थिक प्रतिफल प्राप्त गर्ने रहे नरहेको विचार गरी पेश्की जमानत आवश्यक नपर्ने गरी व्यवस्था गर्न सकिनेछ । पेश्की जमानत आवश्यक हुने नहुने व्यहोरा प्रस्तावमा उल्लेख गर्नुपर्नेछ ।

(२) साझेदारी कार्यक्रमको प्रकृति र आवश्यकता अनुसार भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन तथा विल भर्पाइ सम्झौतामा तोकिए बमोजिमको ढाँचा र समयमा पेश गर्नुपर्नेछ ।

(३) साझेदारी कार्यक्रमको भुक्तानी गर्ने समय तथा प्रकृया दफा ७ अनुसार सम्पन्न गरिएको साझेदारी सम्झौता पत्रमा तोकिए बमोजिम हुनेछ ।

CamScanner

९. कार्यक्रम अनुगमन तथा मूल्याङ्कनः सम्झौता गरी कार्यक्रमको कार्यान्वयन गर्दा दफा ६(२) बमोजिम गठन भएका समिति, उप-समिति तथा कार्यदलले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्नेछ वा विषेशज्ञ मार्फत पनि गराउन सकिनेछ ।

## परिच्छेद-५

## विविध

१०. विवादको समाधानः (१) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा गाउँपालिका र साझेदारबीच कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद आपसी समझदारीबाट ३० दिनभित्र समाधान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आपसी समझदारीबाट विवाद समाधान नभएको खण्डमा सम्झौतामा उल्लेख भएको हकमा सोही बमोजिम र उल्लेख नभएको अवस्थामा प्रचलित कानून बमोजिम हुनेछ ।

११. स्थानीय स्रोत, साधन र जनशक्तिको उपयोग गर्नु पर्ने - साझेदारले कार्यक्रम कार्यान्वयनको सिलसिलामा सम्भव भएसम्म स्थानीय स्रोत, साधन, जनशक्ति र मुलुकभित्र उत्पादन हुने वस्तु तथा सेवा उपयोग गर्नु पर्नेछ ।

१२. नियम बनाउने अधिकारः यस ऐनमा व्यवस्था भएका प्रावधानहको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१३. कार्यविधि तथा निर्देशिका बनाउन सक्ने - यस ऐनमा व्यवस्था भएका प्रावधानको कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक कार्यविधि, निर्देशिका वा मापदण्ड बनाउन सक्नेछ ।

१४. संशोधन तथा हेरफेर - यस ऐनको कार्यान्वयनलाई व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार संशोधन तथा हेरफेर गर्न सक्नेछ ।

१५. बाधा अडकाउ फुकाउन र व्याख्या गर्न सक्नेः यस ऐनको कार्यन्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अडकाउ फुकाउने र व्याख्या गर्ने अधिकार गाउँपालिकामा निहित हुनेछ ।